
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ साउन २०७९,
शनिबार
30 July 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपपर हेर्न
वर्ष २०, अंक १७५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जनार्दनलाई क्लिन चिट तर, नैतिक प्रश्न बाँकी

जनार्दन शर्माले करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रयोग गरेको भनी उठेको प्रश्नबाट छुटकारा पाएका छन् । तर, प्रमाण नै अध्ययनमा नपाएको भनी एमालेले राखेको फरक मतले उनलाई निरन्तर नैतिक प्रश्नले पिरोलिरहनेछ ।



“सीसीटीभी फुटेज र अर्थ मन्त्रालयका कर्मचारीहरूसँग भएको छलफलको आधारमा करका दर हेरफेर गर्न अनाधिकृत व्यक्ति प्रवेश नगरेको निष्कर्षमा समिति पुगेको हो ।”

**लक्ष्मणलाल कर्ण**
संयोजक, संसदीय विशेष छानबिन समिति



“संसदीय छानबिन समितिको प्रतिवदेनले शर्मालाई निर्दोष प्रमाणित गरिदिएको छ ।”

**प्रचण्ड**
अध्यक्ष, नेकपा माओवादी केन्द्र



“वास्तविक प्रमाणहरु जुटाएर यथार्थ प्रतिवेदन ल्याउने योजना भएपनि सकिएन । प्रतिवेदन अपुरो छ ।”

**प्रदीपकुमार ज्ञवाली**
उपमहासचिव, नेकपा एमाले



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

संसदीय विशेष समितिले करको दर निर्धारणमा अनधिकृत व्यक्तिको प्रवेश गरेको नदेखिएको निष्कर्ष निकालेको छ । यो संगै निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले करको दर हेरफेर गर्न अनधिकृत व्यक्ति प्रयोग गरेको भनी उठेको प्रश्नबाट छुटकारा पाएका छन । समितिका जेष्ठ सदस्य लक्ष्मणलाल कर्णले प्रतिनिधि सभाको शुक्रबार बसेको बैठकमा प्रतिवेदन पेश गरेका हुन् । जसमा करको दर निर्धारणमा अनधिकृत व्यक्तिको प्रवेश गरेको नदेखिएको उल्लेख छ ।

तर, प्रमाण नै अध्ययनमा नपाएको भनी एमालेले राखेको फरक मतले उनीमाथि निरन्तर नैतिक प्रश्नले पिरोलिरहनेछ । एमालेले प्रमाण नभेटिएको अस्वीकार नै गरेको त छैन, ‘परिस्थितिजन्य प्रमाणले अनधिकृत व्यक्तिको प्रवेश भएको आशंकालाई बल पुर्‍याउँछ’ – बाँकी पृष्ठ २ मा

## सरकारले अमेरिकालाई पठायो पत्र

# नेपाल एसपीपीमा संलग्न नहुने

सरकारले असार ९ गते अमेरिकालाई पत्र पठाएर एसपीपीमा संलग्न नहुने भनेको छ । नेपालको पत्र र एसपीपीमा संलग्न नहुने निर्णयलाई अमेरिकाले स्वीकार गरिसकेको छ ।





**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

सरकारले अमेरिकालाई पत्र पठाएर स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी)लाई अघि नबढाउने लिखित जानकारी दिएको छ ।

परराष्ट्रमन्त्री नारायण खड्काका अनुसार ९ साउनमा अमेरिकालाई लिखित जानकारी गराइएको हो । उनले मन्त्रिपरिषद्को ६ असार २०७९ को बैठकले एसपीपी अघि नबढाउने निर्णय गरेको जानकारी दिए । तर, अमेरिकालाई औपचारिक पत्र नपठाएको भन्दै सरकारको आलोचना भएको थियो ।

शुक्रबार प्रतिनिधिसभाको बैठकमा बोल्दै परराष्ट्रमन्त्री खड्काले भने आएका र भएका आलोचनाहरुको पनि जवाफ दिए । उनल भने, ‘कूटनीतिक माध्यमबाट नेपालले एसपीपीलाई अघि नबढाउने निर्णय गरेको लिखित जानकारी अमेरिकी सरकारसमक्ष पठाएको सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । आन्तरिक परामर्श आवश्यक भएकाले केही समय लागेको हो ।’

पत्राचार गर्न ढिला गरेको भन्दै कतिपयले संसय समेत व्यक्त गरेका थिए । जवाफ दिँदै खड्काले भने, ‘यसमा नेपाल सरकारको दृष्टिकोण स्पष्ट थियो र छ ।’ स्वतन्त्र, सन्तुलित परराष्ट्र नीति सञ्चालनका लागि सरकारसक्षम रहेको मन्त्री खड्काले – बाँकी पृष्ठ २ मा

## सवैधानिक नियुक्तिसम्बन्धी मुद्दा

# इजलासले सर्वोच्च अदालत प्रशासनकै असहयोग !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

सर्वोच्च अदालतले संवैधानिक पदाधिकारीको नियुक्ती विरुद्ध परेको मुद्दामा सरोकारवालाहरूसँग जवाफ माग्न र मागिएका सबै कागजात मिसिलमा संलग्न गर्न आदेश दिएको छ ।

हरेक पटक सुनुवाइका क्रममा कतै त कतै त्रुटी हुने र आवश्यक कागजात समेत पेश नहुने भएपछि संवैधानिक इजलासले आफ्नै प्रशासनलाई सबै कागजात झिकाइ सुनुवाइ नरोकिने गरी पेश गर्न आदेश गरेको हो । यसले सवैधानिक नियुक्तिसम्बन्धी मुद्दामा इजलासले सर्वोच्च अदालत प्रशासनकै असहयोग झेलिरहेको देखाउने सरोकारवालाहरु बताउँछन् ।

हरेक पटक सुनुवाइका क्रममा कतै त कतै त्रुटी हुने र आवश्यक कागजात समेत पेश नहुने भएपछि संवैधानिक इजलासले आफ्नै प्रशासनलाई सबै कागजात झिकाइ सुनुवाइ नरोकिने गरी पेश गर्न आदेश गरेको छ । यसले सवैधानिक नियुक्तिसम्बन्धी मुद्दामा इजलासले सर्वोच्च अदालत प्रशासनकै असहयोग झेलिरहेको देखाउँछ ।




यस्तै, पदाधिकारीहरूको नियुक्ति, न्याय परिषदका सदस्यको विवादित नियुक्ति र सम्बन्धित अध्यादेशको बिषयलाई परेका सबै रिट निवेदनहरूलाई एकसाथ सुनुवाइका लागि लगाउमा राख्न आदेश गरिएको छ । सर्वोच्चले विपक्षी बनाइएका पदाधिकारीहरू संलग्न सबै निकायबाट पनि लिखित जवाफ झिकाउन पनि आदेश भएको छ । यो पनि आफ्नै – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## तोकिएको मितिमा विज्ञापन नगरेको आरोपमा डेढ सय म्यानपावरलाई विभागको कारबाही

# आक्रोशित व्यवसायीहरुले विभाग घेर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन

वैदेशिक रोजगार विभागले तोकिएको मितिमा विज्ञापन प्रकाशित नगरेको अभियोगमा १ सय ४८ म्यानपावर कम्पनीलाई ५० हजार रूपैयाँका दरले जरिवाना गरेको छ । विभागले साउन ३ र ४ गतेको मितिमा विभिन्न राष्ट्रिय दैनिकमा प्रकाशन गर्न विभागबाट पूर्व स्वीकृतिको अनुमति लिएर विज्ञापन नगरेको विषयमा १४४ र अनुमति बिना नै विज्ञापन गर्ने ४ गरी १ सय ४८ म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार ऐनको दफा ४९ अनुसार ५० हजार रूपैयाँका दरले जरिवाना गरेको निर्देशक डम्बर सुनुवारले बताएका छन् ।

विभागले त्यससम्बन्धी सूचना शुक्रबार नै आफ्नो वेबसाइटमा सार्वजनिक गरेको छ । वैदेशिक रोजगार व्यवसायीहरूले नियतवश नभई प्राविधिक कारणले विज्ञापन प्रकाशित नभएको भन्दै एक पटकलाई जरिवाना नगरी सचेतसम्मको कारबाहीको माग गरे पनि विभागले जरिवाना नै गरेको विभागमा खटिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका समस्या सहजीकरण प्रतिनिधि कर्ण कटुवालले जानकारी दिए ।

‘साउन ३ गते शुक्रबार कार्यालय समय ५ बजेसम्म पूर्व स्वीकृतिको जानकारी विभागले दिएको थिएन, कतिपय व्यवसायीले साँझ ७ बजेदेखि राति ९ बजेसम्म पूर्व स्वीकृतिको जानकारी पाएका छन् । भोलिपल्ट शनिबार विज्ञापन प्रकाशित गर्न नपाएका व्यवसायीले आइतबार विज्ञापन प्रकाशित गरेर विभागको अनलाइन प्रणालीमा अपलोड गरेका छन्,’ उनले भने ।

उनले अगाडि भने, ‘विभागले सानातिनो त्रुटीलाई सच्याउने पर्याप्त ठाउँ रहँदा रहँदै गम्भीर अपराधी नै सरहको कारबाही गरेको छ, यसप्रति व्यवसायीको गम्भीर आक्रोश छ, आइतबार विभाग घेराउको कार्यक्रम तय भएको छ ।’

उनले व्यवसायीलाई प्राकृतिक न्यायको सिद्धान्त अनुसार आफ्नो तर्फबाट सफाइ पेश गर्ने गरी मौकासमेत नदिइएको दाबी गरे ।

१ सय ४८ कम्पनीलाई गरिएको जरिवानाबाट विभागले करिब पौने एक करोड रकम असुलेको छ । ऐनको दफा ४९ मा पूर्व स्वीकृति लिई विज्ञापन नगरेमा वा स्वीकृति नलिई विज्ञापन गरेमा सचेत गराउने देखि ५० हजार रूपैयाँ जरिवाना गरी त्यस्तो विज्ञापन रद्द हुने व्यवस्था छ । त्यस्तै विज्ञापन प्रकाशित गरेर कामदार छनोट भएपछि विभागलाई जानकारी नदिएमा पनि ५० हजार रूपैयाँ जरिवाना हुने व्यवस्था छ ।

# चुनाव घोषणाको तयारी

निर्वाचन आयोगको सुझाव अनुसार नै मंसिर पहिलो साता चुनाव गर्ने गरी मिति तोक्ने तयारीमा सरकार जुटेको छ ।




**सागर तिमिल्सिना/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

सरकारले प्रदेश र संघको चुनावको मिति घोषणा गर्ने तयारी गरेको छ । निर्वाचन आयोगको सुझाव अनुसार नै मंसिर पहिलो साता चुनाव गर्ने गरी मिति तोक्ने तयारीमा सरकार जुटेको हो ।

सरकारको नेतृत्वकर्ता दल नेपाली काँग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले त आगामी मंसिर ४ गते संघ र प्रदेशको निर्वाचन हुने ठोकुवा नै गरे । नेपाल प्रेस युनियन नवनिर्वाचित केन्द्रिय कार्यसमितिको पदभार ग्रहण एवं प्रमाणपत्र वितरण कार्यक्रमलाई – बाँकी पृष्ठ २ मा

# बीमाको पैसा लिन दुर्घटनाको नाटक

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

संगठित अपराधीको एक समूहले चिन्दै नचिनेको व्यक्तिलाई पति, पत्नी बनाएर हत्या गराई बीमाको रकम लिएको घटनाले प्रहरी नै आश्चर्यचिकत परेको छ । समाजमा अपराधका स्वरुपमा अल्कपनीय परिवर्तन देखिएको भन्दै प्रहरी नै आश्चर्यमा परेको हो । घटनामा उक्त गिरोहले सुनियोजित तवरले सडक दुर्घटना मार्फत हत्या गराई बीमा कम्पनीबाट २ करोड ५० लाख लिएको देखिन्छ ।

प्रहरी उपरीक्षक श्याम महतोका अनुसार कोहलपुर नगरपालिका-११ का २१ वर्षीय सर्जन विकको २०७८ वैशाख २ गते सडक दुर्घटनाको क्रममा मृत्यु भएको थियो । एक वर्षअघि बाँके लालपुरमा मोटरसाइकललाई मिनी बसले ठक्कर दिई भएको दुर्घटनामा सर्जन विकको मृत्यु भएपछि नेपालगञ्जको रिलायन्स लाइफ इन्स्योरेन्सबाट उनकी पत्नी सपना मल्लले मृतकको नाममा बीमा र पुनर्बिमा कम्पनीबाट २ करोड ५० लाख लिएको प्रहरीले जनाएको छ । दुर्घटना भएको ४ महिनापछि रकम भुक्तानी भएको सिआईबीका प्रमुख उत्तमराज सुवेदी बताउनुहुन्छ ।

पत्नीको नाममा प्रकट महिलाको गतिविधि, कागजात, उनका सहयोगी भनिएकाको उठबस शंकास्पद भेटिएपछि कम्पनी प्रहरी शरणमा पुगेको हो । सर्जनको मृत्यु हुनु केही महिनाअघि मात्रै विवाह दर्ता भएको खुलेको छ । उनीहरूबीच विवाह दर्ता भए पनि एकले अर्कालाई नचिनेको र नभेटेको समेत खुलासा भएको छ ।

अनुसन्धानकै क्रममा संजीव अर्याल – बाँकी पृष्ठ २ मा

# लमजुङका किसान कोदो रोप्ने व्यस्त



**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १३ साउन

लमजुङका किसानलाई यतिबेला कोदो रोप्न चटारो छ। रोपाइँ सकेर फुर्सद पाएका किसानलाई उपयुक्त समय हुन थालेसँगै हप्ता १० दिन अघिदेखि कोदो रोप्ने चटारो पर्न थालेको हो।

कृषि ज्ञानकेन्द्रका सूचना अधिकारी मदन रेग्मीका अनुसार केही समयदेखि जिल्लाभरि नै किसानले कोदो रोप्न थालेका छन्। 'चिसो ठाउँ, मकै बारीभित्र र मकै टिपी भित्र्याइ सकेका बारीमा उपल्लो भेगका किसान कोदो रोपिरहेका छन्' उनले भने। जिल्लामा सबैभन्दा बढी दूधपोखरी गाउँपालिका, दोर्दी गाउँपालिका र मध्यनेपाल नगरपालिका क्षेत्रमा कोदो उत्पादन हुँदै आएको कृषि ज्ञानकेन्द्रले जनाएको छ।

कार्यालयका अनुसार हालसम्म ४५ प्रतिशत कोदो रोपिसकिएको जिल्लामा समयमै पानी परेर धान पनि छिटो रोपेकाले कोदो रोप्नलाई समयमै किसानले समय पाएका छन्। दोर्दी वडा नं ५ पाचोककी सीता गुरुडले भनिन्, 'धान रोपेर सकायौं, अहिले कोदो रोप्न थालेका छौं।' यहाँका बासिन्दाले असारमै धान रोपिसकेर अहिले कोदो रोप्न थालेको उनको भनाइ छ।

त्यस्तै पाचोकस्थित सिमरुडगाउँका ४१ वर्षीय कुमार तामाङले साउनको पहिलो हप्ताबाट कोदो रोप्न सुरु गरेको बताए। खेतीपातीको समय भएकाले रोपाइँ सकिना साथ कोदो रोप्न व्यस्त भइरहेको उनको भनाइ छ। यहाँका किसान बिहान बेलुका घरमा भए पनि दिउँसो खेतबारीमै कोदो रोप्न व्यस्त भइरहेका छन्।

मर्स्याङ्दी गाउँपालिका-६ लामपाटा गाउँकी शान्तिमाया तामाङ पनि केही दिनअघिबाट कोदो रोप्न बारीमा व्यस्त हुँदै आएकी छन्।

उनले भनिन्, 'धान रोपिसकेर कोदो रोप्न थालेका छौं, अहिले बिहान र बेलुका मात्र घरमा हुन्छौं, दिउँसो बारीमा जान्छौं, घरमा हुनेबेला पनि ध्यान भने बारीमै हुने गरेको छ।'

बेसिशहर नगरपालिका-२ चिसोपानीका हिरासिंह गुरुङले बर्सेनि करिब पाँच सय मुरीभन्दा बढी कोदो उत्पादन हुने यस गाउँमा हालसम्म ३० प्रतिशत रोपाइँ सम्पन्न भएको बताए।

जिल्लाका किसानले ढल्लो, स्थानीय र ओख्ले कोदोको बीउ लगाउने गरे पनि सबैभन्दा बढी स्थानीय कोदोको बीउ रोप्ने गरेको केन्द्रले जनाएको छ। जिल्लाका दोर्दी, नाल्मा, भुलभुले, पसगाउँ, भोंजे, गिलुङ, मालिङ, करापुलगायतका गाउँमा कोदो उत्पादन राम्रो हुँदै आएको छ। जिल्लामा सात हजार नौ सय १९ हेक्टर क्षेत्रफलमा कोदो लगाइँदै आएको छ। करिब छ हजार उक सय ६० मेट्रिकटन कोदो उत्पादन हुने गरेको केन्द्रले जनाएको छ।

# नेपाललाई 'आइटी हब'को रुपमा विकास गर्नुपर्छ : मन्त्री कार्की

**काठमाडौं/रासस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाललाई 'आइटी हब'को रुपमा विकसित गर्नुपर्नेमा जोड दिएका छन्। नेपालको इन्स्योरेन्स एग्रिगेटर 'मेरो बीमा' को शुक्रबार उद्घाटन गर्दै मन्त्री कार्कीले मुलुकको समग्र विकासको निम्ति जलस्रोत, पर्यटन र व्यावसायिक कृषि क्षेत्र जस्तै गरी देशलाई 'आइटी हब' बनाउनुपर्नेमा जोड दिए। सरकारका प्रवक्तासमेत रहेका मन्त्री कार्कीले भने, 'सूचना प्रविधिको विकास र विस्तारमा वर्तमान सरकार सदैव क्रियाशील रहेको छ, पछिल्लो समयमा भइरहेको सूचना र प्रविधिको विकासलाई मुलुकको समग्र विकाससँग जोडेर लैजानुपर्ने आवश्यकता छ, मुलुकको समग्र विकासको निम्ति जलस्रोत, पर्यटन र व्यावसायिक कृषि क्षेत्र जस्तै गरी यो देशलाई आइटी हब बनाउनुपर्ने छ।' सरकारी, निजी, अन्य क्षेत्रको कार्यसञ्चालन र सेवा प्रवाहमा मात्रै नभई, आम जनताको दैनिक क्रियाकलापसमेतमा सूचना प्रविधि अनिवार्य आवश्यकताको रुपमा स्थापित भइसकेको उनको भनाइ छ।

मन्त्री कार्कीले भने, 'आजको युग प्रविधिको युग हो, अन्य क्षेत्रमा भन्दा सूचना प्रविधिको क्षेत्रको तीव्र गतिले विकास भइरहेको छ, हिजोको दिनमा कल्पना नै नगरेका कुरा सूचना प्रविधिको कारण आज यथार्थमा परिणत भएको छ, सूचना प्रविधिको विकासले सम्पूर्ण विश्व एक गाउँको रुपमा स्थापित भएको छ।' मोबाइल सेवाको बढ्दो प्रयोगले सूचना प्रविधिको माध्यमबाट सेवा दिने र लिने क्रम बढिरहेको बताउँदै उनले सरकारी कार्यालय क्रमश: सूचना प्रविधिमैत्री भइरहेको बताए। मन्त्री कार्कीले सूचना प्रविधिको क्षेत्रमा भएको विकासको गतिका कारण बैंक तथा वित्तिय क्षेत्रका काम कागजरहित हुने विश्वास व्यक्त गरे।

त्यसैगरी मन्त्री कार्कीले आजै नेपाल विश्व सहयोग संघ र नेपाल सौरपानी मिडिया प्रालिले आयोजना गरेको 'स्रष्टा सम्मान तथा लोकार्पण कार्यक्रम' मा १४ कलाकार तथा साहित्यकारलाई सम्मान गरे। मन्त्री कार्कीले साहित्यकार प्राडा. रामप्रसाद ज्ञवाली, समाजसेवी कलाश पनेरु, मोहन निरौला, सञ्चारकर्मी जीवन पराजुली, चलचित्र निर्देशक देवेन्द्र पाण्डे, कलाकार उत्तम केशी, गायक तुलसी पराजुली, कलाकारद्वय हेमा पनेरु र पूर्ण नेपाली, पत्रकार प्रदीप परियार थापा, कलाकार श्रेया कार्की, समाजसेवी सरिता विक सरु, अभिनाथ न्यौपाने र सहिल खाँनलगायतलाई सम्मान गरे। सोही अवसरमा मन्त्री कार्कीले देशमै उपलब्ध स्रोत साधनको उपयोग गर्दै रोजगारीको सिर्जना गर्नुपर्नेमा जोड दिए। मन्त्री कार्कीले नेपाली साहित्य क्षेत्रले समृद्ध नेपाल निर्माणमा अझै सकारात्मक र सृजनात्मक भूमिका निर्वाह गर्नुपर्ने अपेक्षा गरे।

# सुकिलुम्बा विमानस्थल दुई महिनादेखि बन्द



**इलाम/मस-**इलाम नगरपालिका-९ मा रहेको सुकिलुम्बा विमानस्थलबाट दुई महिनायता बन्द भएको छ। करिब तीन महिनाको उडानपछि सेवा बन्द भएको हो। गएको जेठ ६ गतेदेखि बन्द भएको सेवा हालसम्म पनि सञ्चालन हुनसकेको छैन। करिब रु.३० करोडको लागतमा निर्माण गरिएको विमानस्थलमा विगत दुई महिनादेखि हवाईजहाज उडान हुन नसक्दा यात्रु झापाको भद्रपुर विमानस्थल पुग्न बाध्य भएका छन्।

इलाम सदरमुकाम नजिकै निर्माण गरिएको विमानस्थल गत फागुन १ गते उद्घाटन गरी सञ्चालनमा ल्याइएको थियो। उद्घाटनपछि केही समय सातामा दुई पटक उडान गर्दै आएकामा बन्द गरिएपछि जिल्लावासीमा पुनः निराशा पलाएको छ। वर्षौंदेखी निर्माण सुरु भएको विमानस्थल केही समय उडान भएर पुनः बन्द हुँदा यस विमानस्थलको भविष्य नै अन्धकारमा पर्ने हो कि भन्ने चिन्ता छाएको इलामबासीले बताउँदै आएका छन्। स्थानीयवासी बालकुमार पोखेलले उडान बन्द भएपछि अब उडान हुन्छ या हुँदैन भन्ने नै अनिश्चित भएको बताए।

यस विमानस्थलमा तारा एयरको विमानले उडान गर्दै आएको थियो। इलाम नगरपालिका र तारा एयरबीच सम्झौता भएर उडान शुरु गरिएको यस विमानस्थलमा सम्झौताको म्याद सकिएपछि उडान बन्द गरिएको हो। गत जेठमा तारा एयरको ट्विनअटर विमान दुर्घटना भएको र त्यस पछि सम्झौताको समयसमेत सकिएको थियो। स्थानीयवासीले उडान नियमित गराउनुपर्ने भन्दै विरोध र खबरदारी गर्दै आएका छन्।

नागरिक उड्डयन प्राधिकरणको ध्यानाकर्षण गराउन जिल्लाका संघीय र प्रदेश सरकारले चासो राख्नुपर्ने बताउँदै आएका छन्। यस विषयमा नगरपालिकाले पनि चासो दिएको र पहल गरिरहेको नगरप्रमुख केदार थापाले बताए। उनले यस विषयमा माथिल्लो निकायसँग पहल भइरहेको बताउनुभयो। इलामबाट नियमित उडान हुनसके पूर्वी पहाडी जिल्लासहित भारतको सिक्किम, मिरिक, दार्जिलिङलगायत छेत्रका बासिन्दालाई सहज हुने थियो।

# बाँकेका चार नाकाबाट २४६ युवतीको उद्धार

**नेपालगञ्ज/मस-**शान्ति पुनःस्थापना गृहले बाँकेका चार नाका र एक परामर्श केन्द्रबाट २४६ युवतीको उद्धार गरेको छ। जिल्लाको नरैनापुर गाउँपालिका-१ स्थित सुइया, डुडुवा गाउँपालिका-१ स्थित खडैया, जानकी गाउँपालिका-१ स्थित शिउपुरी, जमुनाह नाका र कोहलपुरमा स्थापना भएको परामर्श केन्द्रबाट उनीहरुको उद्धार भएको शान्ति पुनःस्थापना गृहका क्षेत्रीय संयोजक भूमिराज भट्टराईले बताए।



गत आर्थिक वर्षमा उद्धार गरिएकामध्ये बाँकेका ३२, बर्दियाका ३२, दाङका २८, सुर्खेतका २४, जाजरकोटका २०,सल्यानका २०, रुकुम पश्चिमको १६, कैलालीको १२, दैलेखको ११, रोल्पाको १०, कालिकोटको १०, जुम्लाको पाँच लगायत ३१ जिल्लाका रहेका छन्। उनीहरु १६ देखि २५ वर्ष उमेर समूहका छन्।

उनले मानवबेचविखनको समस्या अत्यन्त जटिल भएको उल्लेख गर्दै लुम्बिनी प्रदेशका १४ नाकाबाट सीमा निगरानी बढाउनुका साथै बाँकेमा आवधिक गृहसमेत सञ्चालनमा ल्याएर उद्धार गरेकालाई पुनःस्थापना गर्ने काम भएको बताए। एक वर्षको अवधिमा सो केन्द्रले पाँच जनालाई कानुनी दायरामा ल्याएको समेत जानकारी दिँदै भट्टराईले दुई जनाविरुद्ध मानव बेचबिखन तथा ओसारपसार, दुई जनाविरुद्ध जबर्जस्ती करणी र एक जना विरुद्ध मावन बेचबिखन र जबर्जस्ती करणीमा जिल्ला प्रहरी कार्यालय, बाँकेमा मुद्दा दर्ता गरेको बताए।

उनले भने, 'हामीलाई भारत लगेको सूचना आएपछि त्यहाँको प्रहरीसँग कागजात मिलाउनेदेखि विभिन्न नीतिगत समस्या देखिएको छ।'

शान्ति पुनःस्थापना केन्द्र, बाँकेका संयोजक निर्मल सुवेदीले जमुनाह नाकाबाट मात्रै छ युवतीको उद्धार गरेको जानकारी दिए। भारतको उत्तर प्रदेशको उन्नाउ, लखनउ र हिमाञ्चलको सिमलाबाट उनीहरुको उद्धार गरिएको थियो।

उनले नयाँ-नयाँ रणनीति अपनाएर मानवबेचबिखनको कार्य भएको उल्लेख गर्दै मुस्लिम समुदायले लगाउने बुर्का लगाएर, नेटवर्किङ बिजनेसको नाममा युवतीलाई भारत पुऱ्याएको बताए।

## जनार्दनलाई...

भनी फरक मत दर्ज गरेको छ। २२ असारमा गठित समितिले सुरुमा १० दिनको समय पाएको थियो। समयमै काम सकाउन नसकेपछि सात दिन थपिएको थियो। समितिका जेष्ठ सदस्य लक्ष्मणलाल कर्णका अनुसार यो १७ दिनको अवधिमा २३ बटा बैठक बसे। समितिले ७५ घण्टा काम गऱ्यो।

११ साउनबाट प्रतिवेदन लेखनमा जुटेको समितिले १३ साउनमा प्रतिवेदन प्रतिनिधिसभामा पेश गरेको हो। प्रतिनिधिसभामा प्रतिवेदन पेश गरेसँगै यस विषयमाथिको छलफल सकिएको छ। प्रतिवेदनले औंल्याएका विषयलाई सम्बन्धित व्यक्ति, पक्ष र संस्थाले कार्यान्वयन गर्ने विश्वास गरिन्छ। कार्यान्वयन नभएको खण्डमा सांसद र स्वमं संसदले प्रतिवेदनले औंल्याएका विषय कार्यान्वयन गर भनेर जुकसुकै बेला सुझाव, आग्रह वा निर्देशन पनि दिन सक्छ।

एमाले एकातिर, बाँकी अर्कोतिर

प्रतिवेदनमा एमाले एकातिर बाँकी अर्कोतिर देखा परेका छन्। प्रमाण भेटिएन भन्नेमा सबै सहमत भए। प्रमाण नभेटिएको पृष्ठभूमि लेख्ने विषयमा सत्तापक्ष र प्रतिपक्ष दुई धारमा विभाजित भएका हुन्।

करको दर हेरफेर गर्न अनधिकृत व्यक्तिको प्रवेश भएको 'प्रमाण नभेटिएको' निष्कर्षको पृष्ठभूमी क्लियर नगरिएको भनी एमालेले फरक मत राखेपछि एमाले एकातिर, बाँकी अर्कोतिर रहने स्थिति देखा परेको हो।

यही अभिव्यक्ति नेताहरुबाट सार्वजनिक भएको छ।

संसद भवन नयाँ वानेश्वरमा पत्रकारहरुसँग कुरा गर्दै प्रमुख विपक्षी नेकपा एमालेका उपमहासचिव तथा संसदीय छानबिन समिति सदस्य प्रदीपकुमार ज्ञवालीले छानबिन समितिले संसदमा बुझाएको प्रतिवेदन अपूर्ण रहेको बताए।

उनले सत्ता पक्षका सांसदहरु समितिले करका दर हेरफेर गर्न अनाधिकृत व्यक्ति प्रवेशबारे अध्ययन अनुसन्धान गर्ने सबै टुलर्स प्रयोग गर्न सहमति नभएको बताए।

ज्ञवालीले 'छानविनको लागि अर्थमन्त्रालयले बजेट निर्माणको अन्तिम दिन करका दर हेरफेर गर्ने बस्ने कर्मचारीको नामसमेत उपलब्ध गराइएन। वास्तविक प्रमाणहरु जुटाएर यथार्थ प्रतिवेदन ल्याउने योजना भएपनि सत्तापक्षका सांसदहरु एक मत नहुँदा वास्तविक प्रतिवेदन आउन सकेन' उनले भने।

ज्येष्ठताको आधारमा समितिको नेतृत्व गरेका सांसद लक्ष्मणलाल कर्णले समितिले सबै प्रमाणहरु जुटाएर मेहनत गरेर निस्कर्ष निकालेको बताए। 'सिसिटिभी फुटेज र अर्थ मन्त्रालयका कर्मचारीहरुसँग भएको छलफलको आधारमा करका दर हेरफेर गर्न अनाधिकृत व्यक्ति प्रवेश नगरेको निष्कर्षमा समिति पुग्यो' उनले भने।

यता, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि निवर्तमान अर्थमन्त्री जनार्दन शर्मा निर्दोष रहेको प्रमाणित भएको बताएका छन्।

शुक्रबार प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले शर्माले करको दर हेरफेरमा कुनै अनधिकृत व्यक्तिको प्रवेश नगराएको प्रमाणित भएको बताएका हुन्। 'छानबिन समितिको प्रतिवेदनले शर्मालाई निर्दोष प्रमाणित गरिदिएको छ' उनले भने।

## सरकारले ...

बताए। नेपालको पत्र र एसपीपीमा संलग्न नहुने निर्णयलाई अमेरिकाले स्वीकार र स्वागत पनि गरिसकेको छ।

नेपालले पठाएको पत्र प्राप्त भएको काठमाडौंस्थित अमेरिकी दूतावासका पब्लिक अफियर्स प्रमुख ग्यारेट विल्करसनले स्वीकार गरेको छन्।

'एसपीपीको सम्बन्धमा नेपाल सरकारबाट आधिकारिक लिखित सन्देश प्राप्त गरेका' उल्लेख गर्दै उनले भनेकी छन्, 'हामी एसपीपीमा नेपाल सरकारको निर्णयलाई बुझ्छौं र पूर्णरूपमा स्वीकार गर्छौं।'

## सवैधानिक ...

प्रशासनसँग। सवैधानिक इजलासमा कायम मुकायन प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू हरिकृष्ण कार्की, विश्वम्भर प्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा र डा. आनन्दमोहन भट्टराई सम्मिलित छन्। यो इजलासले सवैधानिक इजलासमा नियुक्तिसम्बन्धी कागजात पेश गर्न पनि आदेश दिएको छ।

'निर्णय फायल, कागजात आदि झिकाइ मिसिल सामेल राख्ने लगायतका अन्य कुनै काम कारवाही वा प्रक्रिया सम्पन्न गर्ने कार्य भएको छ वा छैन ? यस अदालतका रिट तथा मुद्दा महाशाखाका प्रमुख स्वयमले एकीन गरी आदेश बमोजिमका सम्पन्न हुन बाँकी कुनै कार्य भए सबै कार्य तदारुकता र उत्तरदायित्वपूर्ण तवरबाट सम्पन्न गर्ने/गराउनु' आदेशमा भनिएको छ।

केपी शर्मा ओली नेतृत्वको पूर्ववर्ती सरकारले दुई पटक अध्यादेश ल्याएर दुबै पटक गरी विभिन्न सवैधानिक निकायमा ५२ जनालाई नियुक्ति सिफारिस गरेका थिए। जसको संसदीय सुनुवार्य समेत भएको छैन। तर, राष्ट्रपतिको साथ पाएको तत्कालिन सरकारको नियुक्ति कार्यान्वयन भएको छ।

## चुनाव...

सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनका अनुसार सरकारले केही दिनमै आगामी निर्वाचनको मिति घोषणा गर्नेछ।

उनले भनेका छन्, 'मंसिर ४ गते त निर्वाचन हुँदैछ। पक्कापक्की छ। केही दिनमा त्यो घोषणा हुन्छ। औपचारिक रुपमा। देशभरकै प्रेस युनियनलाई जागरुक गरेर त्यहाँका पार्टीका साथीहरुसँग समन्वय गरेर हाम्रा विचार र हाम्रा उम्मेदवारहरुको कुरा तत्काल प्रकाशन गर्ने काममा लाग्नुस्।'

यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि केही दिनमै चुनावको मिति घोषणा हुने बताएका थिए। प्रचण्डका अनुसार उनलाई बुधबार प्रधानमन्त्री शेरबहादुर देउवाले फोन गरेर विहीवार नै चुनावको मिति घोषणा गर्ने तयारी गरेका थिए।

'शेरबहादुर देउवाले मलाई फोन गरेर चुनावको मिति घोषणा गर्ने कुरा गर्नुभएको थियो। मैले नागरिकता विधेयक पारित गरेर मात्रै चुनावको मिति घोषणा गर्नु उपयुक्त हुन्छ, पख्लुस् भनेको छु' विहीबार प्रचण्डले भनेका थिए। उनका अनुसार अब बस्ने मन्त्रिपरिषद बैठकले चुनावको मिति घोषणा गर्नेछ।

## बीमाको...

नामका व्यक्तिले सपनासँगको मिलमतोमा बीमा वापत प्राप्त ८० लाख, घटनामा संलग्न अर्का व्यक्ति दिपक केसीले ६० लाख लिएको खुलासा भएको हो। सोही घटनामा संलग्न ललिता सापकोटालाई पनि प्रहरीले पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाएको छ। त्यत्तिमात्रै होइन, सर्जनको दुर्घटनापछि पक्राउ परेका व्यक्ति अदालतबाट समेत छुटिसकेका छन्।

'यो त अकल्पनीय घटना नै भयो, अब अलिकति सचेत नहुने हो भने मानिस पैसाका लागि जस्तासुकै गतिविधिमा पनि संलग्न हुने देखियो,' प्रमुख सुवेदीले भने। उनले पछिल्लो समय अपराधको शैलीमा परिवर्तन देखिएको भन्दै सचेत हुन आग्रह समेत गरेका छन्। सर्जनको दुर्घटना नियोजित ढंगले गरेको पाइएको र घटनामा संलग्न अन्य दुईजनालाई नियन्त्रणमा लिई अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

पक्राउ पर्नेमा बाँकेका २१ वर्षीया सपना मल्ल, ३२ वर्षीय सरदार अहमद खाँ र ३३ वर्षीय टोप बहादुर राना क्षेत्री रहेका छन्। यस्तै, बाँकेका ३८ वर्षीय दीपक केसी, २१ वर्षीया ललिता सापकोटा र स्याङ्जाका ३१ वर्षीय सन्जीव अर्याल छन्। पछिल्लो समय बढेको अकल्पनीय अपराधले पैसाप्रति बढ्दो मोह र समाज फनै विकृतितर्फ अघि बढेको प्रष्ट भएको छ।

## भूल सुधार

मिति २०७९/०४/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा. लि. को कुवेत रोजगार शिर्षकको कम्पनीको नाम: Al-hana United General Trading & Cont.co. W.L.L. पूर्व स्वीकृत मिति: २०७९/०४/१२, चलानी नं: ६०९८३९४९, र LT. No.: 268215 को विज्ञापनमा अन्तर्वार्ता मिति २०७९ साउन २०, २१ र २२ (5, 6 & 7 August 2022) गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

Pratik Human Resource Pvt. Ltd.

## मलेसियामा रोजगारको अवसर

Construction Labour Exchange CLAB Centre Berhad

कम्पनी : CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD

पूर्व स्वीकृत मिति: २०७९/०४/१४ | चलानी नं.: ६०१८३९५४ | L.T. No.: 268008 | शहर : Malaysia

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यसै कम्पनिको लागि Mason, Painter, Steel Fixer, Shuttering Carpenter, Scaffolder हरूको पनि माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ र २२ गते (6 & 7 August 2022) मा हुनेछ।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic. No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999, 9801402996, 9851190570, 9849660515, 9860700057, 9819063243, 9818328105, 9814048923

## मलेसियामा रोजगार

कम्पनी: LIEN YEU CERMIN (MUAR) SDH BHD | शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७६/११/०७ | चलानी नं.: ६०१५२०१२ | L.T. No.:233157 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ३४,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ६ गते (21 August 2022) मा हुनेछ।

Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www.dssnepal.com

# 'नेपाल विशेष सेवा विधेयक' दफावार छलफलका लागि समितिमा

काठमाडौं/मस- प्रतिनिधिसभाको शुक्रबारको बैठकले 'नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले राष्ट्रियसभामा उत्पत्ति भएको 'नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भनी बैठकमा प्रस्ताव प्रस्तुत गरेका थिए।



बैठकमा प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले प्रतिनिधिसभामा उत्पत्ति भएको 'नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९' संशोधनविना राष्ट्रियसभाबाट पारित भएको सन्देशको व्याहोरा पढेर सुनाएका थिए। राष्ट्रियसभाबाट बिहीबार सो विधेयक पारित भएको थियो। उनले राष्ट्रियसभामा उत्पत्ति भएको 'शपथ सम्बन्धी विधेयक, २०७८' को सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गरेका थिए।

# इयूले उडान सुरक्षा सूचिमा राखिरहनु पर्ने अवस्था छैनः पर्यटनमन्त्री

काठमाडौं/मस- संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले युरोपेली संघ (इयू)ले नेपाललाई उडान सुरक्षासम्बन्धी सूचिमा राख्न नहुने धारणा राखेका छन्। पर्यटनमन्त्री श्रेष्ठसँग नेपालका लागि गणतन्त्र पोल्याण्डका गैरआवासीय राजदूत आडम बुराकोव्स्कीले आज मन्त्रालयमा गरेको शिष्टाचार भेटको क्रममा उनले नेपाली उड्डयन क्षेत्रलाई अन्तर्राष्ट्रिय उड्डयन संगठन आइकाओले प्रतिबन्ध फुकुवा गरिसकेको अवस्थामा इयूले सुरक्षासम्बन्धी सूचीमा राख्न नहुने बताए। आइकाओको सुरक्षा इन्डेक्सले नेपाली आकाश तथा वायुसेवा कम्पनी सुरक्षित रहेको पुष्टी भइसकेको अवस्थामा नेपाली उड्डयन क्षेत्रलाई युरोपमा सिधा उडानको व्यवस्था गर्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएको उनको निजी सचिवालयले जनाएको छ। भेटमा उनीहरुबीच नेपाल र पोल्याण्डबीच रहिआएको सम्बन्ध, आपसी हित र चासोका विषयमा कुराकानी भएको थियो।



मन्त्री श्रेष्ठले नेपाल र पोल्याण्डबीच कुटनीतिक सम्बन्ध स्थापित भएदेखि नै सुमधुर सम्बन्ध रहिआएको चर्चा गर्दै यसलाई अझ मझबुत बनाउनुपर्नेमा जोड दिए।

उनले पर्वतारोहणमा पोल्याण्डका जनताको रुची रहेको र त्यसका लागि नेपाल आकर्षक गन्तव्य रहेको बताए।

मन्त्री श्रेष्ठले कोरोना भाइरस महामारीपछि नेपालले अहिले पर्यटन पुनरुत्थानका कार्ययोजनाअनुसार पर्यटकलाई सुविधा तथा सहुलियतका कार्यक्रम अघि बढाएको जानकारी गराए। पोल्याण्डमा उच्च अध्ययन र रोजगारीको सिलसिलामा नेपाली जाने गरेको तथा नेपालमा रहेका पोल्याण्डका जनताको भिसा र आवागमन प्रक्रियामा सरलीकरण गर्नेबारेमा पनि उनीहरुबीच छलफल भएको थियो।

राजदूत बुराकोव्स्कीले सन १९९२ मा कन्चनजंगा हिमाल आरोहणको क्रममा हराएकी पोल्याण्डकी नागरिक वान्डा रुटकिविजको स्मृति कार्यक्रम आगामी अक्टुबरमा नेपालमा गर्ने तयारी गरिएको जानकारी दिएका थिए। रुटकिविज युरोपबाट सगरमाथा र केटु हिमाल आरोहण गर्ने पहिलो महिला आरोही हुन्। भेटवार्तामा उनीहरुबीच नेपालको पर्यटन प्रवर्द्धनका उपायबारे छलफल भएको थियो। भेटमा मन्त्रालयका निमित्त सचिव बुद्धिसागर लामिछाने, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी तथा नेपालका लागि गणतन्त्र पोल्याण्डको महावाणिज्यदूत लोकमान्य गोल्छाको सहभागिता थियो।

# संसदीय निर्वाचनको तयारी गर्नुपर्छ : अध्यक्ष लिङ्देन

काठमाडौं/मस- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले आगामी संसदीय निर्वाचनका लागि अहिलेदेखि तयारी शुरु गर्नुपर्ने बताएका छन्। राप्रपा केन्द्रीय प्रशिक्षण विभागद्वारा शुक्रबार आयोजित प्रदेश-१ स्तरीय दुई दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उनले विगतको कमीकमजोरी हटाई आगामी निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउनुपर्नेमा जोड दिए।

अध्यक्ष लिङ्देनले पार्टीको जनमत वृद्धि गर्न ७५३ स्थानीय पालिकामा संगठन निर्माण गर्न कार्यकर्तालाई निर्देशन दिँदै निर्वाचनमा पार्टीलाई परिवर्तनको संवाहकको रुपमा जनतालाई विश्वास दिलाउन आग्रहसमेत गरे। उनले निर्वाचनलाई जीवनमरणको रुपमा लिन कार्यकर्तालाई आग्रह गर्दै जनताको समृद्धिको चाहना पूरा गर्न पार्टीलाई सत्तागठबन्धनका दलको विकल्पका रुपमा स्थापित गर्नुपर्नेमा जोड दिए।

अध्यक्ष लिङ्देनले भदौ अन्तिममा निर्वाचनका लागि उम्मेदवारको सूचि जारी गर्ने जानकारी दिँदै सोही महिनादेखि मुलुकभरि अभियानको रुपमा पार्टी प्रवेश तथा आमसभाको आयोजना गर्ने बताए। प्रशिक्षक प्रशिक्षण कार्यक्रममा राप्रपाका उपाध्यक्ष ध्रुवबहादुर प्रधान, केन्द्रीय सदस्य डा राजेश गिरी र सहप्रवक्ता दिनेश शाहले पार्टीको एजेण्डालाई स्थापित गराउन निर्वाचनमा उम्मेदवारलाई अत्यधिक स्थानमा विजयी गराउन आग्रह गरे।

**कल्प विज इन्भेष्टमेन्ट प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७३/०१/०५ मा दर्ता भएको **कल्प विज इन्भेष्टमेन्ट प्रा.लि. दर्ता नं. १४७९६७** को मिति २०७९/०४/१३ गते बसेको विशेष बैठकले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय चन्द्रागिरी काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ। अन्यथा तोकिएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने व्यहारा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर: शंकर खनाल, चन्द्रागिरी-२०, काठमाडौं**
**इजाजतपत्र नं. ४७२, फोन : ९८५१११६२०३**

# 'एमालेको नेतृत्वमा देश विकास सम्भव'



काठमाडौं/मस- नेकपा (एमाले) का महासचिव शंकर पोखेलले एमालेको नेतृत्वमा देश विकास सम्भव रहेको बताएका छन्। नेकपा (एमाले) शुक्लागण्डकी नगर कमिटीले शुक्रबार दुलेगौडामा आयोजना गरेको कार्यक्रममा महासचिव पोखेलले उक्त कुरा बताएका हुन्।

'सुखी नेपाली, समृद्ध नेपाल' बनाउने अभियानमा एमाले सदैव प्रतिबद्ध रहेको महासचिव पोखेलको भनाइ थियो। अन्य राजनीतिक दल यथास्थितिवादी भएकाले अन्य पार्टीको नेतृत्वमा विकास सम्भव नरहेको पोखेलले दावी गरे। देश विकास र समाज निर्माणमा एमालेलाई अब्बल बनाउन सबै नेता तथा कार्यकर्ता लाग्नुपर्ने महासचिव पोखेलले बताए। 'प्रशिक्षण कार्यक्रमबाट नेता तथा कार्यकर्तालाई सक्रिय बनाउँदै देश विकासको अभियानमा लाग्ने प्रेरणा जगाउनुपर्छ,' पोखेलले भने।

## बाह्रबिसे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आयतर्फ ढुंगा, गिट्टी, बालुवा (दहत्तर, बहत्तर) को प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२) र घ (६) समेतमा भएको व्यवस्था अनुसार बाह्रबिसे नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधि-२०७५ तथा नगरपालिकाको निर्णय अनुसार देहायका स्थानहरुमा आव २०७९/०८० को लागि ठेक्काद्वारा कार्य गर्न गराउनुपर्ने भएकोले उक्त क्षेत्रहरुमा प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न इच्छुक मान्यता प्राप्त फर्म तथा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र फर्म/प्यान/भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र फर्म नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी लगायतका आवश्यक कागजातहरुको फोटोकपी संलग्न राखी यस बाह्रबिसे नगरपालिकाको राजश्व शाखामा सम्पर्क गर्न हुन अनुरोध छ। थप जानकारीका लागि नगरपालिकाको राजश्व शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**ठेक्का विवरण**

| आव ठेक्का नं. | ठेक्काको विवरण | आ.व. | कैफियत |
|---|---|---|---|
| १-२०७९/८० | बाह्रबिसे बजारको पक्की पुलदेखि तल्लो खण्ड भोटेकोशी नदीको दायाँ किनारा जुरे हुँदै बलेफी गाउँपालिकाको सीमानासम्मको क्षेत्र। | २०७९/०८० | |
| २-२०७९/०८० | भोटेकोशी नदीको बाह्रबिसे पक्की पुलको एक किमिसम्मको माथिल्लो भाग मध्ये भोटेकोशी आयोजनाको कसरको तीन सय मिटरको तलमाथिको क्षेत्र बाहेक भोटेकोशी गाउँपालिकाको सीमानासम्मको क्षेत्र। | २०७९/०८० | |

प्रमुख प्रशासकीय अधिकृत

## साउदीमा रोजगार

१. कम्पनी : AL MUSTAQBAL FOUNDATION FOR GENERAL CONTRACTING — शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०७/०२ — चलानी नं.: ६०१६६१६६ — L.T. No.: 248860 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : RAWASI BEVERAGE SERVING COMPANY — शहरः Saudi
पुर्व स्वीकृत मितिः २०७८/०८/२७ — चलानी नं.: ६०१७०३८४ — L.T. No.: 253795 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : HANEEN AL-SHAM BUFFET FOR MEALS — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/११/२३ — चलानी नं.: ६०१७५६०४ — L.T. No.: 259056 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : ASMAA DHABIB AL SAHLI RESTAURANT — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/०१ — चलानी नं.: ६०१८११३४ — L.T. No.: 264929 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : IBRAHIM A. AL HOKAIL GENERAL CONTRACTING EST — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/२९ — चलानी नं.: ६०१७७८७४ — L.T. No.: 261495 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : CENTRAL EXCELLENCE CONTRACTING COMPANY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/२९ — चलानी नं.: ६०१७७८७० — L.T. No.: 261497 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : PROFESSIONAL CONSTRUCTION COMPANY FOR GENERAL CONTRACTING — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/२९ — चलानी नं.: ६०१७८७५७ — L.T. No.: 261496 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनी : FORCE AIR CONDITIONING & REFRIGERATION EST — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०१/०२ — चलानी नं.: ६०१७७९५३ — L.T. No.: 261783 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning And Refrigeration Technical Opera | 1 | 0 | स. काममा दक्ष | 2200 | ७४,५८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 1 | 0 | | 1000 | ३३,९०० | | | | | | | |

९. कम्पनी : NOURA FAIHAN FAHAD AL SAHLI RESTURENT — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/३१ — चलानी नं.: ६०१८११४२ — L.T. No.: 264930 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनी : FATIMA AHMED AL HAMOUD CONTRACTING EST — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/२० — चलानी नं.: ६०१८०३४८ — L.T. No.: 264194 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

११. कम्पनी : MODERN FACTORY FOR HEATERS AND REFRIGERATORS — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/१४ — चलानी नं.: ६०१८२२२० — L.T. No.: 266186 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१२. कम्पनी : MANDARIN AL SHAMAL HOTEL APARTMENTS EST. — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/०३ — चलानी नं.: ६०१७९३६८ — L.T. No.: 262938 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१३. कम्पनी : TLAD INVESTMENT COMPANY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/२५ — चलानी नं.: ६०१७७५७८ — L.T. No.: 261234 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१४. कम्पनी : KEMYA YANBU FOR INDUSTRY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/१३ — चलानी नं.: ६०१८२२२२ — L.T. No.: 266081 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१५. कम्पनी : MURAD NASSER MOHAMMED AL-GHAFAILI GENERAL CONTRATING EST — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/१० — चलानी नं.: ६०१७९७९१ — L.T. No.: 263402 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१७. कम्पनी : QASSIM MOHAMMED BIN ATTIA AL BUHASSAN CEMENT FACTORY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/०७ — चलानी नं.: ६०१८१५४८ — L.T. No.: 265293 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१८. कम्पनी : BALANCED FOOD RESTAURANT TO SERVE MEALS — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/१३ — चलानी नं.: ६०१८३८१४ — L.T. No.: 265945 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४०,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१९. कम्पनी : LAMA FAIHAN AL FAHAD AL SAHLI RESTURENT — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/३० — चलानी नं.: ६०१८१५८० — L.T. No.: 264928 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२०. कम्पनी : MAHER ALI ABDULLAH AL JABER CONT — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/१६ — चलानी नं.: ६०१८०४२८ — L.T. No.: 263929 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२१. कम्पनी : SULTAN FOZAN AL FOZAN COMPANY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/१३ — चलानी नं.: ६०१८२२५४ — L.T. No.: 266082 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Vehicle Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२२. कम्पनी : SAUDI FORMICA SHEETS COMPANY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/३० — चलानी नं.: ६०१८३२५३ — L.T. No.: 267283 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२३. कम्पनी : COMPANY HIZAM AL-WADI FOR GENERAL CONTRACTING — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/११ — चलानी नं.: ६०१७९८५५ — L.T. No.: 263655 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aircraft Cleaning Agent | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२४. कम्पनी : COMPANY HIZAM AL-WADI FOR GENERAL CONTRACTING — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०७/२९ — चलानी नं.: ६०१६७६३६ — L.T. No.: 250646 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२५. कम्पनी : COMPANY HIZAM AL-WADI FOR GENERAL CONTRACTING — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/१२/०९ — चलानी नं.: ६०१७६४३४ — L.T. No.: 259463 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२६. कम्पनी : VALLEY BELT GENERAL CONTRACTING COMPANY — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७९/०२/११ — चलानी नं.: ६०१७९८५४ — L.T. No.: 263654 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२७. कम्पनी : IBRAHIM HADI AL HAMMAM RESTAURANT FOR SERVING MEALS — शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/११/१८ — चलानी नं.: ६०१७५८३५ — L.T. No.: 258595 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**INNOVATIVE**
**HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.**
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591
9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com

कथा

# कमरेडको पार्टी परिवर्तन

राधाकृष्ण कमरेडले के विधि फोटो अपलोड गरेका रहेछन् । स्टाटस पनि त्यही अनुरुपका रहेछन् । माला लाएको एउटा फोटोमाथिको स्टाटस पढैं । "जुन पार्टीमा बसेर पनि राजनीति नै गर्नु हो, देश र जनताको सेवा नै गर्नु हो भने मलाई बेवास्ता गर्ने र घात गर्ने पार्टीमा बसेर के काम भनेर म त देशकै पुरानो वामपन्थी पार्टीमा प्रवेश गरें ।"



■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'



आक्कलझुक्कल भेट भैरहन्छ राधाकृष्ण कमरेड र मेरो । मभन्दा उनी बढी व्यस्त भएकोले पनि हाम्रो बाक्लो भेटघाट नजुरेको हुनसक्छ । राजनीति र समाजसेवामध्ये उनी केमा बढी भिजेका छन् भनेर कसैले सोधेमा यसै हो भन्न सकिन्न तैपनि अपत्यारिलो ढङ्गले उनी पार्टीको केन्द्रीय समितिमा मनोनित भएपछि भने उनीसँगको मेरो भेटघाट पातलिएकै हो । त्यसभन्दा अघि वडा कमिटी, गाउँ कमिटी, नगर कमिटीसम्म हामीसँगै थियौं । बाहिर देख्दा नम्र र शिष्ट देखिने उसको वास्तविक सौन्दर्यको गहिराई मैले अहिलेसम्म बुझ्न सकेको छैन । विशेषतः संसदको पछिल्लो चुनावमा हामी दुई जना धेरै हदसम्म सँगै खटेका थियौं । कुनै काम विशेषका लागि मेरै आवश्यकता परेझैं बडो विनम्रतापूर्वक उक्त भूमिका निर्वाह गर्नका लागि मलाई उनीबाट आग्रह आउँथ्यो । पार्टीको काम कुनै नाइनास्ती बिना मैले पनि गरेकै हुँ । त्यस्तो बेला उनी मसँग अझ बढी घनिष्ठ भएझैं लाग्थ्यो मलाई । तर काम नपरेपछि उनको र मेरो भेटघाट नहुँदा मलाई शंका लाग्थ्यो, यो मान्छेले मलाई चिन्न त चिन्छ ?

हिजोआज ऊ सामाजिक सञ्जालहरुमा पनि बाक्लै देखापर्न थालेको छ । तर लामो समय मेरो फ्रेन्डलिष्टम भएर पनि मप्रति ऊ उदासिन भएपछि मैंले उसलाई फ्रेन्डलिष्टबाट हटाईदिएँ । तर जहिले र जतिबेला उसलाई देखे पनि मैले उसलाई धपेडीमै देख्छु । राजनीतिसँगै सामाजिक काममा पनि उसको अग्रसरता रहे तापनि भूमाफियाहरुसँग उसको हिमचिम र उठबसलाई लिएर पार्टीभित्र र बाहिर गाइँगुइँ मात्र हैन राम्रै हल्ला चलेको पनि हो । तर ऊ मौन बसिरह्यो । कसैले उसलाई हाकाहाकी सत्यतथ्य सोधिहाल्ने आँट पनि गरिहालेनन् । तर दिनदिनै आर्थिक रुपले ऊ मजबुत भएको कुरा कसैबाट लुकेको थिएन ।

चाहेर पनि नचाहेर पनि संविधानसभाको चुनावमा हामी सँगै खटेका थियौं । प्रचार, प्रसार, पम्प्लेटिङ, पोष्टरिङदेखि कार्यक्रम सञ्चालनमा समेत मलाई अगाडि राखेर उनी पछाडि बसेका हुन्थे । नजानिँदो पाराले उनी मेरो कामको प्रशंसा गरेझैँ गर्थे तर, मैंले उनको कुरा एक कानले सुनेर अर्को कानले उडाई दिन्थें । किनभने उनको तहबाट भएको प्रशंसाले पार्टीमा म गम्किनुको कुनै अर्थ थिएन भन्ने कुरा मैले राम्रैसँग बुझेको थिएँ । चुनावमा खट्दै र समीक्षा बैठकहरुमा भाग लिएर आफ्नो धारणा राख्दै राधाकृष्णलगायत नौ नम्बर क्षेत्रका अध्यक्ष सुवासिनी र र इन्चार्ज नर्वदेश्वरीसँग मेरो तीब्र वैचारिक असहमति भएकै हो । मैले दृढतापूर्वक आफ्नो कुरा राख्ने क्रममा पटक-पटक भनेकै थिएँ– यस्तो जुम्सो पाराले पार्टीले कुनै हालतमा चुनाव जित्दैन । त्यसमा पनि क्षेत्र नम्बर नौमा त कुनै हालतमा जित्दैन भनेर । यता र उताका आफ्नै कार्यकर्ताहरुलाई सोहोरेर भीड देखाउदैमा चुनाव जितिँदैन । चुनाव जित्नका लागि सम्पूर्ण मतदाताहरुलाई रिझाउन सक्नुपर्छ । प्रत्येक पतदाताहरुको घरदैलोमा पुग्न सक्नुपर्छ ।

तर, मेरो तर्कमा उनीहरु पूर्णतः असहमत भैरहे । चुनावी रणनीति र परिणामलाई लिएर मैले राखेको मेरो धारणा वैज्ञानिक नभएको भन्ने उनीहरुको तर्कलाई मैले ठाडै इन्कार गरिदिएँ । तर चुनावको परिणाम यथार्थमा के भयो त ? मैले राखेको धारणा, तर्क र मेरो बोली नै सत्य भयो । हाम्रो पार्टीको देशव्यापी पराजय र नौ नम्बर क्षेत्रको हाम्रो उम्मेदवारको लज्जास्पद हारपछि हाम्रा यी स्थानीय नेताहरु कुन दुलोमा पसे भनेर मैले चैं थाहा पाउन सकिन । उसलाई फोन गरे नि फोन उठ्दैन, उसलाई फोन गरे नि फोन उठ्दैन । हे अचम्म । यो के भएको हो ? स्थानीय साथीहरुसँग सोधीखोजी गर्दा पो बल्लबल्ल घोइरोघोइरो सुनियो, पार्टीले चुनाव हारेपछि साथीहरु त डरले घरबारै छाडेर कुलेलाम ठोकेका रहेछन् । ऐना अगाडि उभिएर मैले आफूलाई नियालें, लुरे र दाउरे ज्यानको भए नि थातथलो नछाड्ने सूरवीर त मै पो रहेछु । हस्तामलक अगाडि उभिएको म, मेरो मनोभाव बुझेझैं मेरै प्रतिबिम्वले मलाई आँखा झिम्क्याउछ ।

निर्वाचनमा पराजय भोगे तापनि म हाम्रा उम्मेदवारलाई भेट्न गएँ । उनी एक्लै धुम्धुम्ती बसिरहेका रहेछन् । हिजोका दिनमा - चुनाव त तपाईले नै जित्ने हो नि, कमरेड- भन्दै लाख दुईलाख कुम्ल्याउनेहरुको त्यहाँ नामनिशान थिएन । आफूले जानेसम्मको र भन्न मिल्नेसम्मको सान्त्वनारुपी शब्द पोखेर म फर्किएँ । नेताजीको उदास मुहार देखेर मलाई पनि नमीठो अनुभूति भैरह्यो । वन्दूक समाउनु र खुल्ला राजनीति गर्नुको भिन्नता नेतृत्व पङ्क्ति र कार्यकर्ताहरुले खै कहिले बुझलान् ?

बाक्लो दाल खाने मनसायले केही साथीहरुले पार्टी छाडेर हिँडे । नौ नम्बर क्षेत्रका अध्यक्ष र इञ्चार्जको जिम्मेवारी सम्हालिरहेका सुवासिनी र नर्वदेश्वरी सत्यालले पनि पार्टीबाट बहिर्गमन गरेपछि हैन हैनभन्दा भन्दै पनि पार्टीमा सानोतिनो रिक्तता र शून्यता त आएकै हो । किनभने घर छाड्ने जति जम्मै खराब र घर कुर्ने जति जम्मै सज्जन पनि त पक्कै हुँदैनन् । स्थानीय निकायको संरचनामा सरकारले गरेको परिवर्तनले पार्टीको जिम्मेवारीमा फरक आउन पनि स्वाभाविक नै थियो । साथीहरुको महत्वाकांक्षा चुलिरहेको बेलामा पार्टीले केन्द्रीय सदस्य बनाउने अन्त्यहीन श्रृखंला सुरु गरेपछि त पार्टीहरुका बीचको एकीकरणको नाममा अचल र अटल भएर बसेका पार्टी कार्यकर्ताहरुमा खासै उर्जा र उत्साह बढ्ने वातावरण बन्न सकिरहेको थिएन । पार्टीभित्र त्यागी र योगदान भएका कार्यकर्ताहरुको भन्दा पनि पहुँचवालाहरुको बोलबाला तीब्र भइरहेको स्थितिलाई सबैले अनुभव र अनुभूति गरिरहेका थिए ।

"दाई, आगामी चुनावमा शिवशंकर नगरपालिकाको मेयरमा मैले उठ्ने विचार गर्दैछु । तपाई के भन्नुहुन्छ ?" मोबाइलको म्यासेज बक्समा यसो हेरेको, राधाकृष्णको सन्देश रहेछ । मैले पनि तुरुन्तै जवाफ पठाएँ, "ठीक छ, पार्टीले टिकट दिए पनि, नदिए पनि मेरो पूर्ण समर्थन तपाईंलाई नै हुनेछ । भरिसक्ये पार्टीबाट टिकट प्राप्त गर्ने प्रयास गर्नुहोला । मेरो अग्रीम शुभकामना छ ।"

त्यसपछि राधाकृष्णसँग फोनवार्ता वा भेटवार्ता निकै कम भयो भन्दा पनि हुन्छ तर, हामी एउटै टोलमा बस्ने भएकोले आक्कल झुक्कल भेट त भैहाल्थ्यो । मलाई अचम्म लाग्छ, यो मान्छे कसरी विद्यार्थी राजनीतिबाट आयो होला ? वैचारिक धरातलमा रहेर ऊ कसैसँग तर्क गर्न अघि सर्दैन बरु मुढेबलको कुराभने निकै गह्रौं तरिकाले गर्ने गर्छ । उसको जनसम्पर्क पनि राम्रै छ । त्यसैले त भितर र इतर दुबैतिर ऊ परिचित र लोकप्रिय पनि छ । तर पनि ऊ मलाई कहीँ कतै असजिलो नै लाग्छ । किनभने वर्गीय हित गर्ने भावना बोकेर एकताबद्ध भएको उसमा पनि वर्गीय हितका लागि मरिमेट्ने जुझारुपन भने खासै देखिन्नथ्यो । बाक्लो दाल खान हिँडेकाहरुले मलाई पदीय प्रलोभन देखाएर निकै लोभ्याईरहेका थिए । धैर्यपूर्वक सोंचेर निर्णय गर्नुहोला कमरेड, हतार छैनभन्दै उनीहरुले मलाई जिल्लास्तरीय जनवर्गीय संगठनकको जिम्मेवारी दिने प्रलोभन दिइरहेका थिए । तर म त त्योभन्दा पनि उपल्लो जिम्मेवारीमै थिएँ । नभए तापनि मलाई थाहा थियो, म तिहुन चखुवा हैन भनेर ।

सामाजिक सञ्जालहरु मार्फत उनले मेयर बन्ने आफ्नो इच्छा, आकांक्षा र महत्वाकांक्षा खूबै प्रकट गरिरहेका थिए । तर नौ नम्बर क्षेत्र अर्थात् शिवशंकर नगरपालिकालाई पार्टीले बिर्सेको हो कि झैं गरिरहेको थियो । किनभने यो क्षेत्रका पुराना कार्यकर्ताहरुलाई पार्टीको उपस्थिति नभएको बोध भएको धेरै भैसकेको यिो । त्यसमाथि पार्टी प्रवेश गर्ने नवप्रवेशीहरु मध्ये एकलाई शिवशंकर नगरपालिकाको संयोजक बनाइदिएपछि कार्यकर्ताहरु दुई भागमा विभाजित भएको अवस्था थियो । नयाँ नेतृत्व मन पराउने र पुरानो नेतृत्व मन पराउनेहरुका बीचमा ध्रुवीकरण भएपछि पार्टीभित्रको गुटबन्दी नरुचाउने कार्यकताहरु तटस्थ रहनुको विकल्प थिएन । तर दुवै पक्षको छुट्टाछुट्टै भेलाको खबर बाहिर आएर छताछुल्ल नभएको पनि हैन । संस्थापन पक्ष र नवप्रवेशीहरु बीचको अर्न्तसंघर्षले पार्टी दिन दिनै कमजोर हुनुको परिणाम अर्को के हुनसक्थ्यो र ?

बीस वर्षपछि हुन लागेको स्थानीय निकायको चुनाव हुन्छ ? वा हुँदैन ? कुनै यकिन थिएन । चुनावको बारेमा एउटा ठोस निर्णय गर्न नसकेर सरकारले पटक-पटक बोली फेरेर नौटंकी देखाइरहेको थियो । सात वटा प्रदेशको चुनाव एकैचोटि गर्छु भन्ने आँट सरकारसँग कहिल्यै भएन मात्र झालेमाले कुरा गरेर जनताको आँखामा छारो हालिरह्यो । दुई/चार जना मधेशका अगुवाहरुको माग प्रदेशको सिमांकन विवाद र वहसमा सरकार यता न उताको भएर हल्लिरहेको थियो । मधेशका अगुवा भनाउँदाहरुले हैन बरु मधेशका जनताले के चाहन्छन् भनेर उसले बुझ्ने प्रयास नै गरेनभन्दा पनि हुन्छ । आफ्नो अडान भनेको फिटिक्कै नभएको लम्पसारवादको निर्वश्त्र नमूना बनेर जग हसाईरहेको सरकारलाई विश्वले मज्जासँग हेरिरहेको थियो । सरकार आफैमा शक्ति, सत्ता र स्वाभिमान हो कि रिमोटबाट चल्ने गोटीमात्र हो भनेर निर्क्योल गर्न नेपाली जनतालाई हम्मेहम्मे परिरहेको बेलामा सरकारले स्थानीय निकायको चुनाव दुई चरणमा गर्ने घोषणा गऱ्यो । पहिलो चरणको चुनावमा तीन नम्बरको प्रदेश आफैमा राजधानी पनि भएको हुँदा सबैको ध्यान यतै जानु स्वाभाविकै थियो ।

बाँच्नुमात्र पर्ने रहेछ धेरै कुरा देख्न पाइन्छ भन्ने बुढापाकाको उखान एउटा युगपछि भएको स्थानीय चुनावमा देख्न पनि पाइयो र सुन्न पनि पाइयो । बाघ र बाख्राले एउटै कुवाको पानी पिएको यिनै आँखाले देखियो पनि । टाउको मोल तोक्ने र तोकिनेको आन्द्रै गाँसिएको निर्णय सुनियो मात्रै हैन व्यवहारमा प्रत्यक्ष देखियो पनि । हो बाबै हो, बुढापाकाले भनेकै सत्य रहेछ, बाँच्नुमात्र पर्ने रहेछ, नचिताएको कुरो देखिने रहेछ, नसोचेको कुरो पनि हुने रहेछ । रामपुर नगरपालिका नेपालमै विश्व प्रशिद्ध भएको देख्न र सुन्न पाइयो । उखानै फेर्न पर्लाजस्तो भयो, कहीँ नभएको जात्रा हाँडी गाउँमा हैन रामपुर नगरपालिकामा भन्नुपर्ने भयो ।

पुराना कार्यकर्ता कमरेड राधाकृष्ण र नवप्रवेशी जब्बर सिंहबीचको टक्करमा शिवशंकर नगरपालिकाको मेयरको टिकट पार्टीबाट जव्वरसिंहले फुत्काए भने बीसौं वर्ष पार्टीको नाममा बम, बन्दूक र झोला बोक्ने राधाकृष्ण वडाध्यक्षको टिकटमा टाक्सिए ।

राधाकृष्ण र मेरो भेट हुँदा उनको मुहारमा नूर थिएन, तेज थिएन बरु नचाहिँदो भारी करले बोक्नु परको दिक्दारीको भाव भने उनको मुहारमा देखें । तर मेरो देखाई ठीक बेठीक कसो हो भनेर मैले उनलाई सोधिन । सोध्नु उपयुक्त पनि ठानिन ।

"दाई, तपाईको साथ र सहयोगको मैले पूर्ण अपेक्षा गरें । मजदूर फाँटका साथीहरुको जिम्मा तपाईको है, दाई ।" उनको अपेक्षामा मैले विश्वासरुपी दहे हात मिलाएँ । प्रचार प्रसारका लागि अत्यन्त छोटो समय भए तापनि उनी र म मिलेर धेरै मतदातासमक्ष पुग्यौं । पर्चा, पम्प्लेटिङ्ग, पोष्टरिङ्ग र कन्भिन्सिङ्गमा हामीले कुनै कसर बाँकी राखेनौ ।

"राधाकृष्ण कमरेड, पार्टीले चुनाव लडनका लागि खर्चवर्चको नाममा दशबीस लाख त दे'को होला नि", मैले राधाकृष्णलाई नियाल्दै भनें, "अलिलि खर्च गर्दा मत हाम्रो पक्षमा हुन्छभने लोभ गर्नु चैं हुन्न है, कमरेड । मौकामा हिरा पनि फोर्नुपर्छ ।"

"हैट, गुणराज कमरेड के भन्नु भा' यस्तो ? पार्टीले सुको मोहर द्या छैन । जे गर्ने हो आफैले गर्ने हो", राधाकृष्णले साउतीको शैलीमा भने, "पार्टीले त कार्यालय र कार्यकर्तालाई समेत राम्रोसँग परिचालन गरिदिएको छैन । पैसा र सहयोगको के कुरा, कमरेड ।"

"त्यस्तो हो र, राधाकृष्ण कमरेड ?"

"हो नि, कमरेड ।"

चुनावका लागि गर्नैपर्ने मिहिनेतमा राधाकृष्णले कुनै काम कुरा बाँकी राखे होलान् भन्ने मलाई लाग्दैन । उनको चाहनाबमोजिम म पनि उनकै लागि अहोरात्र खटिएकै हुँ । तर मेरो खटाई पार्टीको आदेशले हैन, राधाकृष्णको अनुरोध र चाहनाले मात्र थियो । पार्टीको यो मौनता, यो उदासीले मलाई चिमोटिरहेको थियो– ल, मलाई त पार्टीले पुछनी गरेन रे ! चुनावमा यसरी खट्नु पऱ्यो, उसरी खट्नु पऱ्यो भनेन रे ! कुनै जिम्मेवारीका लागि मलाई योग्य नै देखेन रे ! तर पार्टीको आधिकारिक उम्मेदवार राधाकृष्णलाई त ज्यानको बाजी लाएर भए पनि सुनिश्चित जीतका लागि सघाउनुपर्ने । तर राधाकृष्णलाई सघाउन पार्टीको तर्फबाट एउटै कार्यकर्ता अघि सरेको देख्दिन । कतै पार्टीका सबै कार्यकर्ताहरुलाई एकैचोटि झाडापखाला त लागेन ? सबै जना सरुवा रोगको सिकार भएर एकैचोटि अस्पताल भर्ना त भएनन् ? दश दश वर्ष जनयुद्ध लडेको पार्टी, देश र जनताको हितका लागि राजनीति गर्ने पार्टी । दशौं हजार जनताका छोराछोरीको वलिदानले खुल्ला राजनीतको यो मोडसम्म आइपुगेको पार्टीको यस्तो रवैया किन त ? कुरोको चुरो बुझन अब बाँकी नै के रह्यो र ? अचानक मलाई एक्लै खिलखिलाएर हाँस्न मन लाग्यो । तर, विचरा राधाकृष्णले सुन्लान् कि भनेर फुत्किन खोज्ने हाँसोलाई मैले बलैले रोकें ।

मतदान सकियो । यो राजधानी हो । त्यसैले समाचार बन्नुपर्ने समाचार यहाँ समाचार बन्दैनन् । समाचार बन्नु नपर्ने समाचार यहाँ मुख्य समाचार बन्छन् । मतगणना सुरु भयो । मतगणनास्थल रमाइलो मेलामा परिणत भएको छ । भटाभट नतिजाहरु प्राप्त हुन थाले । सभागृह आकर्षणको केन्द्रबिन्दू बनेको छ । आँखामा पाँच दिनको निद्रा छ । शरीरमा पाँच दिनकै थकान छ । तैपनि आफूलाई वास्ता नगर्ने पार्टी र त्यही पार्टीको आधिकारिक उम्मेदवारको विजय होस् भन्ने कामनासहित मतगणनामा सरिक तन मन द्विविधामै छ । बेलाबेलामा हेर्छु, राधाकृष्णलाई । उनको मुहारमा अँध्यारो उज्यालो के छाएको हो, यसै भन्न सक्दिन । मतपरिणामले संकेत गरेअनुसार तीन नम्बर प्रदेशमै पार्टीको स्थान तेस्रोभन्दा माथि जालाजस्तो छैन । राधाकृष्णलाई सोध्न मन भएर पनि मैले सोध्न सकिन, "कमरेड, चुनावको परिणामका बारेमा तपाईंको मनले के भन्छ ?"

थुक्क । मैले एक अँगालो रिस, निराशा र छटपटी फ्यात्त थुकिदिएँ । केही बोल्न सकिन राधाकृष्णसँग । ऊ पनि केही बोल्न सकेन । ऊ स्तब्ध उभिरह्यो । उसका आँखा विश्वस्त हुन सकिरहेका थिएनन् । मेरो मनमा राधाकृष्णप्रति सहानुभूति र दयाभन्दा पनि स्नेह झुल्केर आयो । मैले उसलाई दहेगरी अँगालो हालेर सभागृह बाहिर ल्याएँ । आकाशलाई हेर्दा पानी पर्लापर्लाझैं भइरहेको थियो । भीड छिचोलेर मैले राधाकृष्णलाई उनको परिवारको जिम्मा लगाएँ ।

तीन दिन बित्यो, चुनावको परिणाम आएको । तर राधाकृष्णले एक कल फोन गरेको छैन । के काम सकिने बित्तिकै उसले काम लाग्ने मान्छे पनि बिर्सिएको होला त ? आः मलाई पनि के खाँचो, उसलाई कल गरेर पैसा र समय बर्बाद गर्न ? यता आफूलाई देशकै पुरानो बामपन्थी पार्टीले आफ्नो पार्टीमा बोलाउन छाडेको छैन । तर मलाई नजाने गाउँको बाटो किन सोधिरहनु पऱ्यो र ? कतै राधाकृष्णले पो पार्टी परिवर्तन गर्छ कि ? आ के गर्थ्यो उसले पार्टी परिवर्तन, त्यत्रो जनयुद्ध लडेर आएको मान्छे । विचारको खेती गरेर समाज परिवर्तन गर्न दश दश वर्ष जनयुद्ध लडेको ऊ त महान् मान्छे हो नि । अचानक मेरो मोबाइल फोनमा उसको नम्बर पिलिक पिलिक गर्दै डिस्प्ले हुन थाल्यो । ऊ निकै निराश र हतास भएको रहेछ । उसको कुरा सुन्दा यस्तै लाग्यो ।

"चिन्ता नगर्नुस्, कमरेड । हारपछि नै जीत हुन्छ । यो तपाईंको मात्रै हैन पुरै पार्टीको हार हो । हैसियत र कुनै योगदान नहुनेहरुलाई पार्टीले काँधमा बोकेको परिणाम हो । तर यसबाट निराश र हतास हुनुपर्ने केही छैन । हारे पनि र जिते पनि विचारबाट निर्देशित भएर हामीले काम गर्ने भनेको देश र जनताकै लागि हो । यो हारको बारेमा र उम्मेदवारहरुका बारेमा पार्टीले गम्भीरतापूर्वक समीक्षा गर्ला नै । फेरि पाँच वर्ष मिहिनेत गरौंला, जनताको माझमा जाऔंला, काम गरौंला । एउटा माघले जाडो जादैन भन्छन्, कमरेड । त्यसैले जिन्दगीमा पारिलो घाम लिएर थुप्रै माघ आउछन् नै ।"

मोबाइल राखेर यसो घर बाहिर हेर्छु त राधाकृष्ण मेरो घरको अगाडि नै आइसकेका रहेछन् ।

"गुणराज कमरेड, आउनुस् समीक्षा बैठकमा जान ढिलो भयो ।" उनले मेरो हात समातेरै मलाई आफूसँगै समीक्षा बैठकतिर डोऱ्याए । बैठकस्थलमा पुगेपछि मैले गेटबाटै उनीसँग विदा मागेर म घर फर्किएँ । बैठकमा जान उनले मलाई निकै कर नगरेका हैनन् । तर नबोलाएको ठाउँमा मलाई जान मनै लागेन ।

त्यसपछिका दिनहरुमा निकै लामो समय म र राधाकृष्णका बीचमा भेटघाट भएन । म पार्टीको खासै जिम्मेवारीमा थिइन भने उनी पार्टीका जिम्मेवार कार्यकर्ता । काम नपरी हाम्रो भेटघाट नहुनु पनि स्वाभाविकै हो । उनले मलाई खोजेनन्, म आफ्नै सुसेधन्दामा लागिरहें । मैले गाडीलाई ठोकठाक, पीटपाट र रंगरोगन नगरी हातमुख जोरिन्न । राधाकृष्ण कमरेडलाई त पक्कै पार्टीले राम्रै जिम्मेवारी दियो होला । राधाकृष्णजत्तिको कार्यकर्तालाई पनि पार्टीले उचित जिम्मेवारी दिएर संरक्षण गर्न सकेनभने पार्टी त पाटी हुन के बेर ? टिकट दिएर पनि चुनावमा पार्टीले बेवास्तागर्दा समेत राधाकृष्णको मनमा पार्टीप्रति बेवास्ता वा कुनै गुनासो रहेको मैले थाहा पाइन । वैचारिक रुपले दृढ र स्पष्ट यस्ता कार्यकर्तालाई त पार्टीलाई नै चाहिने हो नि ।

दशैंको चहलपहलमा गाडीहरुलाई ठोकठाकगर्ने कामबाट मभने केही फुर्सदमै थिएँ । निकै समयपछि फेसबुक खोलेर लाइक र कमेन्टको वर्षात् गराएँ । अहो ! राधाकृष्ण कमरेडले के विधि फोटो अपलोड गरेका रहेछन् । स्टाटस पनि त्यही अनुरुपका रहेछन् । माला लाएको एउटा फोटो माथिको स्टाटस पढैं । "जुन पार्टीमा बसेर पनि राजनीति नै गर्नु हो, देश र जनताको सेवा नै गर्नु होभने मलाई बेवास्तागर्ने र घात गर्ने पार्टीमा बसेर के काम भनेर म त देशकै पुरानो वामपन्थी पार्टीमा प्रवेश गरें ।"

हातमा मोबाइल फोन लिएर म टोलाईरहें । ट्यांकी भरिएर घरै भिजाउने गरी छलललल पोखिइरहेको पानीको एकोहोरो आवाजले पनि कमरेड राधाकृष्णको माला लगाएको फोटो र उनको स्टाटसमाथिको मेरो निर्मिनेश दृष्टिलाई भंग गराउन सकिरहेको थिएन ।

कविता

## एक अनागरिकको फिराद !



बलराम तिमल्सिना

सरकार, हजुरलाई
मेरो बोली पारिको लाग्छ
मेरो धोती पारिको लाग्छ
मेरो अनुहारको रंग
हजुरलाई झन् पारिको लाग्छ
मलाई देख्ना साथ हजुर सोध्नु हुन्छ-
"भैया घर कहाँ है, सीतामाढी ?"
म हजुरको भैया
म हजुरको मर्स्या
म हजुरको धोती
म हजुरको काले
म हजुरको घुसपैठिया
म हजुरको अङ्गिकृत
साँच्चि हजुरलाई
पारिकाले कान्छा र बहादुर भन्दा कस्तो लाग्छ ?

हरेक रात सीमा मिचिदा
हजुरको त एउटा मनको देश दुख्छ
मेरो त हजुर, आँगन दुख्छ
खेत दुख्छ, डगर दुख्छ
पाइखाना गर्ने चउर दुख्छ
कहिले कहिले त घरै दुख्छ
साँच्चि हजुरसँग
बिएसएफसँग भिडेको अनुभव छ ?

हजुर यो देशको मालिक
हजुरको अनुहारहरू
सबै यो देशका मालिक खान्दान
हजुरहरू जन्मजात देशभक्त
हामीहरू त हजुर
अनुहारले नै ठगिएका मान्छे
भेषभुषा र भाषाले ठगिएका मान्छे
हामीलाई देश दुख्दा
आफ्नो खेतजस्तै दुख्छ
साँच्चि हजुरलाई देश कसरी दुख्छ मालिक ?

हाम्रो खेतलाई सुख्खा राखेर
हजुरले कोशी बेच्नु भयो
तै पनि हजुर राष्ट्रवादी
हाम्रो बस्तीलाई मरुभूमी बनाएर
हजुरले गण्डकी बेच्नु भयो
तै पनि हजुर देशभक्त
हामीलाई उल्लू बनाएर
हजुरले महाकाली बेच्नु भयो
अझ हामी नै अङ्गीकृत
साँच्चि नि हजुर,
देश बेच्दाको बखत
अपराध बोध हुँदैन ?

हजुरलाई
दार्जिलिङ् स्वदेश लाग्छ
मधेश विदेश लाग्छ
हजुरलाई
अम्वर गुरुङ्ग, सूर्य विक्रम ज्ञवाली
धरणीधर कोइराला, पारसमणि प्रधान
यी सवै वंशज लाग्छ
म हजुरलाई अङ्गीकृत लाग्छ
साँच्चि हजुर,
हजुरलाई नेपाल पहाड मात्रै लाग्छ ?

हामी त हिजो पनि रैती
हामी त आज पनि रैती
रैती नाथेलाई
जुन देश भए पनि के फरक ?
यो देश त सगरमाथाको देश
यो देश त गोर्खालीको देश
यो देशको मुहारमा
मधेशको माटोको गन्ध कहाँ छ ?
यो देशको इतिहासको कितावमा
हाम्रो इतिहासको पाना कहाँ छ ?
साँच्चि नि हजुर
हजुरलाई वुध्द भन्दा राम महान् लाग्छ है ?

यो धरतीको एक थान देशमा
हजारौं वर्षको इतिहास बोकेर
एउटा रैथाने नागरिक हुन नसकेको
म तिम्रो अनागरिक भैया
समयको ओछ्यानबाट ब्यूँझेर
जोड जोडले चिच्याइरहेको छु
कि मलाई नागरिकको हक देऊ
कि मलाई देश खोज्ने हक देऊ
यस्तो घर न घाटको जिन्दगी
कृपा गरेर अब नदेऊ
साँच्चि नि मालिक,
हजुरलाई पानीपुरी त खुब मन पर्छ है ?

# अलमलमा न्यायपालिका



प्रकाश मिश्र/मध्यान्ह
कैलाली, १३ साउन

कैलालीका अधिकांश पालिकाका उपप्रमुखहरूलाई ऐन कानूनको ज्ञान नहुँदा समस्या हुने गरेको छ । उनीहरुका लागि एकातिर कानूनी ज्ञानको अभाव छ भने अर्कोतिर भौतिक संरचनाको अभाव छ ।

जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय तहहरूलाई लिने गरिन्छ । तर उचित कानूनी ज्ञान र भौतिक संरचनाको अभाव हुँदा उपप्रमुखको संयोजकत्वमा गठित न्यायिक समितिमा परेका मुद्दाको समेत न्याय सम्पादनमा समस्या हुने गरेको उपप्रमुखहरु बताउँछन् ।

कानूनले स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षलाई न्याय सम्पादनको अधिकार दिएको छ । अधिकार दिएपनि ऐन कानूनको ज्ञान नहुँदा र भौतिक संरचना अभावकै कारण कार्यसम्पादनमा असहज भएको कैलाली घोडाघोडी नगरपालिकाकी उपप्रमुख गुलियादेवी चौधरी बताउँछिन् ।

अहिले ऐन, नियम, कानून, निर्देशिका न्याय सम्पादनबारे तालिम आवश्यक भएको उनको भनाइ छ । जनताले न्यायिक समितिलाई विश्वास गर्न थालेको भएपनि आफूहरूलाई कानून र न्यायपालिकाको काम कर्तव्य अधिकारका बारेमा जानकारी नहुँदा समस्या भएको उनले बताइन् ।

उपप्रमुख चौधरीले जनताको विश्वासका कारण मुद्दाको चाप बढिरहेको भएपनि मुद्दा अनुसार छानबिन, अनुसन्धान, न्याय सम्पादन, फैसला र कार्यान्वयनमा समस्या हुने गरेको बताइन् ।

उनले भनिन्, 'न्यायिक समितिको संयोजकको हैसियतमा काम गर्न निकै गाह्रो छ। संयोजकको काम कर्तव्य, अधिकारलगायतको ऐन कानून तथा अधिकार कर्तव्यबारे आफूहरूलाई तालिम दिए सहज हुने थियो ।'

आफूहरू समक्ष पारिवारिक झगडा, लेनदेन, साँध सिमाना जस्ता मुद्दाहरू धेरै आउने गरेको र त्यस्ता मुद्दालाई मेलमिलापको विधिले मध्यस्तकर्ताको भूमिकामार्फत समाधान गर्ने गरेको उपप्रमुख चौधरीले बताइन् ।

पालिका सरकारमा रहेका न्यायिक समिति गठन भएपछि कतिपय अवस्थामा जिल्ला प्रशासन कार्यालयमा पर्ने उजुरी समेत स्थानीय तहको न्यायिक समितिमा पठाउन थालेपछि मुद्दाको संख्या वृद्धि हुँदा फैसलामा ढिला हुने गरेको गौरीगङ्गा नगरपालिकाका उपप्रमुख भोजबहादुर बलले बताए ।

गौरीगङ्गा नगरपालिका लगायत जिल्लाका अधिकांश पालिकामा न्यायिक इजलास नहुँदा न्यायिक समितिले उपप्रमुख तथा उपाध्यक्षको कार्यकक्षबाटै न्याय सम्पादन गरिरहँदा समस्या भएको उपप्रमुख बमको भनाइ छ ।

वडा-वडामा मेलमिलाप केन्द्र स्थापना गरी जनताका समस्या समाधान गर्ने प्रयासमा आफूहरू लागिरहेको भन्दै बलमे भने, 'कहिले काही ऐन नियम कानून र क्षेत्राधिकारको विषयले अलमलमा पर्ने गरेका छौं ।'

संघीयता कार्यान्वयन अन्तर्गत स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकाल सकेर आफूहरू दोस्रो कार्यकालका लागि निर्वाचित भएर आउँदा जनताले न्यायिक समितिलाई विश्वास गरेको पाएको बर्दगोरिया गाउँपालिकाका उपाध्यक्ष लालदिप गिरीले बताए ।

आफूहरूलाई ऐन नियम कानूनको ज्ञान नहुँदा मुद्दा फैसलामा अलमल हुने गरेको भएतापनि दुवै पक्षलाई छलफल गराई समस्या समाधान गराउने गरेको गिरी बताउँछन् ।

# पृथ्वी चन्द्र अस्पतालको भवन निर्माणमा कमसल ईंटा प्रयोग



रामकरन हरिजन/मध्यान्ह
नवलपरासी, १३ साउन

पश्चिम नवलपरासीस्थित पृथ्वी चन्द्र अस्पतालको ५० शय्याको नयाँ भवन निर्माणमा कमसल ईंटाको प्रयोग भएको बुझिएको छ । सो भवन निर्माणको ठेक्का पाएको श्याम सुन्दर एन बि जे बि कन्ट्रेक्सनले सम्झौता विपरीत अस्पतालकै मिलोमतोमा कमसल ईंटा प्रयोग गरेको देखेको रामग्राम नगरपालिका वडा न.५ का वडा अध्यक्ष रामबृक्ष यादवले मध्यान्हलाई जानकारी दिए।

वडा अध्यक्ष यादवका अनुसार अस्पताल समितिले नै वास्ता नगरेपछि धमाधम कमसल ईंटा प्रयोग गरिरहेको देखेर यस्तो ईंटा प्रयोग गर्न कसले लगायो भनेर कामदारहरुसँग सोधपुछ गरेपछि काम रोकिएको थियो ।

लुम्बिनी प्रदेशको नवलपरासी जिल्लामा रहेको पृथ्वीचन्द्र अस्पतालको स्तरोन्नतिका लागि ५० शैय्याको भवन बनाउनका लागि १८ करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

पहिला एस बि आई कम्पनीको ईंटा प्रयोग गरेको भएपनि पछि कहाँबाट कस्तो र कति ईंटा आयो आफुलाई थाहा नभएको सहरी विकासका इन्जिनियर अर्जुन मण्डलले बताए । पछि आएको मध्ये केहि मात्र बचेको र अब यस्तो कमसल ईंटा प्रयोग नगर्ने र कामदारहरुलाई तुरुन्त हटाउन निर्देशन दिइएको पनि इन्जिनियर मण्डलले जानकारी दिए ।

अस्पतालको नयाँ भवन निर्माणमा कमसल ईंटा प्रयोग भैरहेकोबारे अस्पतालका अध्यक्ष महेन्द्र गुप्तासँग बुझ्दा उनले समितिको त्यसमा रोकटोक गर्ने कुनै अधिकार नभएको तथा यो सब हेरचाह गर्ने र काम गराउने सहरी विकास इन्जिनियरको दायित्व रहेको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६३/१०/०४ मा दर्ता भएको **प्रा.लि. नं. ४३६५६** को **फुर्दिकी इन्टरप्राइजेज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै लिनु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SASSI TRADING AND CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७९/०२/१२ चलानी नं.: ६०१७९७९० L.T. No.:263459 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 141/055/056
**AL NASEER OVERSEAS PVT. LTD.**
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## Malaysia मा रोजगारको अवसर

कम्पनी: GOR HUP TRADING SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०४/१३ चलानी नं.: ६०१८३९९० LT. No.: 268032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ahr Alliance Human Resources Pvt Ltd
Govt. Licence: 690/063/064
**Alliance Human Resources Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4487850, 4494627 | Fax: 01-4462344
Email:- office@alliancenepal.com | www.alliancenepal.com

## मलेसियामा रोजगार

कम्पनी: SERBA WANGI (KL) SDN BHD शहर: SELENGOR
पूर्व स्वीकृत मिति: २०७९/०४/१३ चलानी नं.: ६०१८३९५९ L.T. No.:268010

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २२ गते (7 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## 'Zero Cost Recruitment in Malaysia'
## (मलेशियामा शुन्य लागतमा रोजगार)

१. कम्पनी: TROCELLEN S.E.A SDN. BHD शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०१/११ चलानी नं.: ६०१७८४३४ LT. No.:262194 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 21 | 0 | स. काममा दक्ष | 1200 | ३४,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

## MALAYSIA मा रोजगार

कम्पनी: KEN-RICH CHEMICAL PRODUCTION SDN.BHD. शहर: JALAN, SELENGOR
पूर्व स्वीकृत मिति:२०७९/०४/१३ चलानी नं.: ६०१८३९६९ LT. No.:268028

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९४/०७३/०७४
**BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE (P) LTD**
2nd Floor , Giri Complex, Shambhu Marg, Sinamangal- 9 Kathmandu.
Tel: 01-5917711, 01-5917811 , Email: Bhumiputraemployment@gmail..com
Website: bhumiputraemplyment.com

## कतारमा रोजगारको अवसर |

कम्पनी: MODE TRADING & CONTRACTING W.L.L शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७९/०३/१३ चलानी नं.:६०१८२०१८ LT. No.:266088 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HONEY BEE HOSPITALITY शहर : DOHA
पुर्व स्वीकृत मिति: २०७९/०२/२७ चलानी नं.: ६०१८०८०५ LT. No.:264753 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bellman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 3 | 0 | | 2500 | ८७,०५० | | | | | | | |
| 3. | Gen Clean Worker | 2 | 0 | | 1200 | ४१,७८४ | | | | | | | |
| 4. | Labour | 18 | 0 | | 1100 | ३८,३०२ | | | | | | | |
| 5. | Secretary | 1 | 0 | | 2100 | ७३,१२२ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | | 2500 | ८७,०५० | | | | | | | |
| 7. | Waiter | 2 | 0 | | 1400 | ४८,७४८ | | | | | | | |

३. कम्पनी: AL DIKSHYA CLEANING HOSPITALITY & SERVICES WLL शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७९/०३/१९ चलानी नं.:६०१८२४२४ LT. No.:266255 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८७,०५० | | | | | | | |
| 3. | General Cleaning Worker | 6 | 0 | | 1200 | ४१,७८४ | | | | | | | |
| 4. | Labor | 3 | 0 | | 1100 | ३७,८९५ | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2200 | ७६,६०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 015902036, 015902037,9851011127

## साउदीमा रोजगार |

कम्पनी: KITKET RESTAURANT FOR MEALS शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७८/१२/०४ चलानी नं.: ६०१७६०९८ L.T. No.:259546 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Caterer | 2 | 0 | स. काममा दक्ष | 1200 | ४०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SHARIFA ABDULLAH AHMED AL-GHAMDI TRANSPORTING शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/११/२० चलानी नं.: ६०१७५४१७ L.T. No.: 258892 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TRUCK DRIVERS | 5 | 0 | स. काममा दक्ष | 2000 | ६७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## कतारमा रोजगार |

कम्पनी: PHIDIAS PROJECTS & CONSTRUCTION WLL शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०२/१२ चलानी नं.: ६०१७९८४७ LT. No.: 263710 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2500 | ८६,९०० | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 1 | | 1000 | ३४,७६० | | | | | | | |
| 4. | Labourer | 2 | 0 | | 1000 | ३४,७६० | | | | | | | |
| 5. | Mason | 3 | 0 | | 1100 | ३८,२३६ | | | | | | | |
| 6. | Representative | 2 | 0 | | 2200 | ७६,४७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २१ गते (6 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AJAMBARI H R SOLUTION PVT. LTD.**
श्रम इजाजत नं. ११५८/०७३/७४
टोखा-७, प्रयास नगर, काठमाडौ, नेपाल । फोन नं.: ०१-४९५०१८७, ५९०७६७३
Email Id.: info@ajambarihr.com, ajambarihr@gmail.com

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

रोजगारदाता कम्पनी : फेक्सी अकोस्टिक एसडिएन. बिहचडि., शहर: अमन
(EMPLOYER COMPANY) : FLEXI ACOUSTICS SDN. BHD. City: AMAN

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०७९/०४/१३ | चलानी नं.: | ६०१८३९५५ | एल टि नं.: | २६६०७० |
| Pre Approval Date: | 2022/07/29 | Invoice No.: | 60183955 | L.T. No.: | 266070 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब रिङ्गिट | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKERS | 0 | 5 | स. काममा दक्ष | 1500 | ४२,८८५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

फाईनल अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति साउन २१ गते २०७९ मा हुनेछ ।
Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 6th August 2022.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/- रोजगारदाताले ब्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Govt. Lic. No. 1520/074/075
**access partners pvt. ltd.**
Baneshwor, Kathmandu | Contact : (+977) 01-4105010, 9801176556/9801179555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१४ साउन २०७९, शनिबार
30 July 2022, Saturday

# वन संरक्षणका लागि उपसमितिसँग अन्तर्क्रिया

**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, कपिलवस्तु, १३ साउन




कपिलवस्तु साझेदारी वन व्यवस्थापन समितिले वन संरक्षणका लागि उपसमितिसँग अन्तर्क्रिया गरेको छ। वडागतरुपमा गरिएको अन्तर्क्रिया साझेदारी वनले गरेका कामको बारेमा जानकारीसहित आगामी योजनाको विषयमासमेत छलफल भएको कपिलवस्तु साझेदारी वनका अध्यक्ष गंगेशनाथ तिवारीले बताए।

अन्तरक्रियाको समापन कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य अभिषेक प्रताप शाहले वन संरक्षणमा सबै लाग्नुपर्ने बताए।

साझेदारी वनले गरेका कामहरु यसरी सार्वजनिक गरेर सबैलाई नागरिकहरुले जानकारी पाएको र आगामी योजनाको विषयमा समेत छलफल हुनुले सकारात्मक सन्देश जाने बताए।

वनको विषयमा प्रतिनिधिसभामा पनि पटक पटक आवाज उठ्ने गरेको उनले बताए। जनतासँग नजिक भएर काम गर्ने साझेदारीले नागरिकहरुलाई छिटो छरितो सेवा प्रवाह गर्नुपर्ने उनले बताए।

कार्यक्रममा शिवराज नगरपालिकाका मेयर अजय थापाले साझेदारी वन र शिवराज नगरपालिकाबीच सहकार्य हुन आवश्यक रहेको जिकिर गरे। वन संरक्षणमा नगरपालिका गम्भीर रहेको बताउँदै मेयर थापाले छाडा चौपायाको विषयमा वन र पालिकाले केही योजना बनाउनुपर्ने बताए।

खोलाहरुको टेन्डरको विषयमा वन र पालिकाबीच बाझिएका कुराहरु छलफलमार्फत समाधान गरिने उनले बताए।कार्यक्रममा वडा अध्यक्ष टेकलाल सापकोटा, डिभिजन वन कार्यालयका सहायक अधिकृत कल्याण सापकोटा लगायतले वनले गरेका कामहरुको बारेमा प्रशंसा गरेका थिए।

अन्तर्क्रिया कार्यक्रममा कपिलवस्तु साझेदारी वनका अध्यक्ष गंगेश तिवारीले विगत केही समयदेखि वैज्ञानिक वन व्यावस्थापनको काम रोकिएको बताए।

सरकारले दीगो संरक्षणको विषय ल्याएको भएपनि काम सुचारु हुन नसकेको उनले बताए। अध्यक्ष तिवारीले पछिल्लो समय साझेदारी वनमा दाहसंस्कारको लागि दाउराको समेत अभाव भएको बताए। उनले साझेदारीले आफ्नै भवन निर्माण, अतिक्रमित क्षेत्रमा वृक्षारोपण लगायत विभिन्न काम गरेको बताए।

# एक महिनासम्म मनाइने 'गुँला पर्व' शुरु



**काठमाडौं/मस–** श्रावण शुल्क प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म मनाइने गुँला पर्व शुक्रबारबाट शुरु भएको छ। बौद्धमार्गी नेवार समुदायले दानधर्म गर्ने पर्वको रुपमा यो पर्व मनाउने गर्दछन् ।काठमाडौं उपत्यकाका बौद्ध धर्मावलम्बीले एक महिनासम्म मनाउने गुँला पर्व शुरू भएको हो।

नेपाल संवत्को गुँलाथ्व पारुदेखि लाथ्व पारुसम्म एक महिना मनाइने गुँला पर्वका अवसरमा विभिन्न परम्परागत बाजागाजाका साथ बौद्ध चैत्यहरूको परिक्रमा गरिन्छ। नेपाल संवत अनुसार दशौं महिनालाई गुँला भनिन्छ। गुँको अर्थ गुण गर्ने, अरूको उपकार गर्ने कामलाई जनाउँछ। पर्वको अवसरमा विशेषगरी नौ बाजा बजाउने प्रचलन रहेको छ।

वर्षभर दिवंगत भएका आफन्तको वैकुण्ठमा बास परोस् भन्ने कामना गर्दै एक महिनासम्म आफ्नो घर नजिकै रहेका बौद्ध विहार तथा चैत्यको परिक्रमा गर्ने प्रचलन छ। यो जात्रा साउन शुक्ल प्रतिपदाको दिन सुरु भई श्रावण कृष्ण औँशी दिनदेखि एक महिनासम्म चल्दछ। यस पर्व सुरु भएदेखि समापन हुदाँ सम्म बौद्धमार्गीहरुले धर्म कर्म गर्ने र आफ्नो क्षमता अनुसार गरि दान दिने गर्दछन्।

धर्माबलम्बीहरुले यस पर्वमा उपत्यकाका स्वयम्भुका साथै बौद्ध, पाटन पुल्चोक लगायतका स्थानमा रहेका चैत्यमा बाजागाजासहित दैनिक परिक्रमा गर्ने गर्दछन्। यो पर्व मनाउनाले देशमा शान्ति स्थापना हुने, महामारी, भय तथा त्रास रोकिने जानविश्वास रहेको छ। धर्म सञ्चय गर्ने महिनाका रूपमा यस अवधिमा स्वयम्भू महाचैत्यमा एक महिनासम्म मेला पनि लाग्ने गर्छ। भक्तजनले स्वयम्भू महाचैत्यको दर्शन परिक्रमापछि शोभाभगवतीसँगैका विजयश्वरीको दर्शन गरी केलटोलस्थितको सेतो मत्स्येन्द्रनाथको दर्शन गर्ने परम्परा छ।

